परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ९ ❑ अंक २८ २०७७ माघ २५ गते आईतवार Sunday 7, FEB, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## घिनाघाट-विराटचौक सडक निर्माण कार्य तिब्रगतिमा

विराटनगर । प्रदेश नं. १ को गौरवमै योजना विराटनगरको घिनाघाटदेखि पूर्वपश्चिम राजमार्ग जोडिने विराटचौकसम्म पुग्ने चार लेन सडक निर्माण कार्य तिब्रगतिमा भईरहेको छ ।

कोरोना महामारीका कारण काममा केही ढिला भएपनि अहिले निर्माणकार्य तिब्रगतिमा भईरहेका छ । सो सडक खण्डमा ९ वटा बक्स कल्भर्ट राखिएकोमा ६ वटा निर्माण कार्य सम्पन्न भई सकेको छ तीन वटा कल्भर्ट निर्माण सम्पन्न भएपछि फागुणको दोस्रो साता देखि कालोपत्र गर्ने कार्य शुरु हुने पूर्वाधार विकास कार्यालयका प्रमुख राजन राज रड्डीले बताए ।

प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले ग्रामथान गाउँपालिकाको नेता चौकमा तीन महिनाअघि प्रदेश सरकारको गौरवको योजना मानिएको यो सडक सिलान्यास गरेका थिए । दुई दशक अघिदेखि स्थानीय व्यवस्थित र दह्रो सडकको पर्खाईमा थिए । हाल आएर निर्माणले गति लिएको हो ।


प्रदेश नं. १ को गौरवमै योजना, घिनाघाट-विराटचौक चार लेनको सडक । तस्वीर : श्याम सुन्दर सुतिहार

थारु समुदायको बाहुल्य क्षेत्र रहेको पुरानो मार्ग भएकोले बारम्बार मर्मत हुने र भत्किने सडक अहिले चार लेनको पक्की बाटो बनिरहेकोमा स्थानीय बासीहरु हर्षित भएका छन् । प्रदेश नं. १ को राजधानी विराटनगरबाट पुर्व बाहिरिने र भित्रिने सबभन्दा ठूलो वैकल्पिक मार्ग भएको छ ।

चार लेनको सडक निर्माण भई रहेको वेला कहिले हिलो र कहिले धुलोबाट स्थानीयहर परेशान भएपनि स्थायी रुपमा धुलो र हिलोबाट मुक्त हुने र पछाडि पारिएको थारु बाहुल्य क्षेत्रमा बनेको चार लेन सडकले थारु समुदायमा व्यापार विजनेश बढ्ने केही हद सम्म

बाँकी अन्तिम पेजमा...

## कर्मचारीले अनियमितता गरेपछि बचतकर्ता बिच्चलीमा

विराटनगर। एक सहकारी संस्था लिमिटेडका कर्मचारीले लाखौं रुपियां हिनामिना गरेपछि सहकारीमा बचत गर्ने सयौं बचत कर्ता विच्चलीमा परेको छ ।

साविक सोराभाग गाउँपालिका वडा नं. ३ हाल धनपालथान गाउँपालिका वडा नं. ४ मा २०२८ सालमा स्थापना भई संचालनमा रहेको नमूना सहकारी संस्थाका लेखा शाखाका कर्मचारीले अनियमितता गरी फरार भएपछि अहिले सहकारीको कारोबार बन्द हुनुको साथै बचत कर्ताहरुले बचत गरेको रकम नपाएर दिनहुँ दर्जनौ बचतकर्ताहरु सहकारी धाई रहेको छ ।

सहकारीका लेखापाल राज कुमार राजवंशीले रकम हिनामिना र सम्पति अपचल गरेकोमा जिल्ला




प्रशासन कार्यालय मोरंग देखि अख्तियार सम्म मुद्दा चलि रहेको छ । उक्त सहकारी संस्थाले कृषिकको लागि विउ(विजन, खाद(मल, यूरिया उपलब्ध गराउनुका साथै सहकारीका कृषक सदस्यहरुबाट बचत गराउने र ऋण पनि उपलब्ध गराउन काम गर्दै आएका थिए । कर्मचारी र केही संचालक समितिका सदस्यहरुले सहकारीको रकम आफ्नो व्यक्तिगत काममा खर्च गरेकोले समयमा बचत कर्ताको रकम दिन नसकेको गुनासो संजय कुमार राजवंशीले सुनाए ।

६ करोड ६० लाख रुपियाँ बचत कर्ताहरुलाई तिर्न बाकी छ । सोही बराबरको रकम कर्मचारीले घोटाला गरेपछि बचतकर्ताहरुमा खैलाबैला मचिएको छ । सहकारीले संचालन गरेको राईसमिल र गोदामहरु अहिले बन्द रहेको छ । सहकारीमा एक वर्ष देखिनै आफ्नो बचतको रकम लिन सहकारीको कार्यालय दिनहुँ धाईरहेको अर्का बचतकर्ता पाण्डव कुमार सरदारको भानई छ ।

सो सहकारीमा ५ सय जना सदस्य रहको छ । संस्थाको कुलपुंजी २ करोड ४६ लाख र ऋण लगानी ६५ लाख ४४ हजार रहको छ । सहकारीका ६० प्रतिशत सदस्यहरुले बचत गर्न छाडि सकेको छ भने २५ प्रतिशत ऋण असुली हुँदैन । संस्थासंग अचल सम्पतिमा करीब १ विगहा जग्गा, ५ वटा गोदाम, १ वटा राईसमिल, १

बाँकी अन्तिम पेजमा...

## सुन पाउने लोभमा
## ५० हजार नगद सहित छोरी वेपत्ता

विराटनगर । आफूलाई झाक्री बताउने एक यूवाले एक परिवारलाई सुन भेटाई दिने प्रलोभन दिई ५० हजार नगद सहित एक युवतीलाई लिएर वेपत्ता भएको छ ।

विराटनगर महानगर पालिका वडा नं. ४ बस्ने रघुनन्दन माझी थारुकी पत्नी देखन सरी माझी चौधरीलाई एक अपरिचित सुनिल मण्डल नाम वताउने यूवाले छोरा-छोरी नहुने दम्पतीलाई औषधी दिएपछि सन्तान प्राप्त हुन्छ भनेपछि देखन सरीले आफ्नो छिमेकीलाई सन्तान नभएकोले त्याहां लगेका थिए ।

सोही क्रममा मौका छोपी तपाईको घरमा मसानले २ किलो सुन मसानले राखेको छ सो म भेटाई दिन्छु भनेपछि विश्वास लागेर झाक्री यूवाले पूजा-पाठको लागि परेवा, लड्डु, धुप अगरवत्ती मागेपछि सो सामग्री उपलब्ध गराएका थिए ।

घरभित्रै २४ वर्ष कि कुमारी छारी मार्फत पुजापाठ गरी माटो

बाँकी अन्तिम पेजमा...

## स्कुटी चारी गर्ने २ जना पक्राउ

विराटनगर । मोटरसाइकल तथा स्कुटी चारी गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ८ स्थित शिक्षादिप कलेज छेउबाट को ६ प ३८३७ नम्बरको स्कुटी हराएको भन्दै जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ६ रामपुर बस्ने बर्ष ३३ को निरज कुमार ठाकुरले निवेदन दिएका थिए ।

सोही निवेदन अनुसार अनुसन्धान गर्दा विराटनगर महानगरपालिका वडा नं. १२ मलाय रोडबाट जिल्ला मोरङ जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १२ सैनिक टोल बस्ने बर्ष २१ को शंकर यादवले स्कुटी चोरी गरी जोगवनीतर्फ लदैं गरेको अवस्थामा पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले फेला पारी नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मोरङबाट चोरी कसूरमा थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

त्यसैगरी विराटनगर महानगर

बाँकी अन्तिम पेजमा...

## बेड र दरबन्दी थपिने प्रक्रियामा

विराटनगर, माघ १९ गते । सरकारी सेवा सुविधा पाउने र सस्तोमा उपचार हुने कोशी अस्पतालमा दिन-दिनै विरामीको चाप बढ्दै गएकोले हालको संरचनामा विरामी थेग्न नसक्ने अवस्था भएकोले निकट भविष्यमा ५ सय बेड थप्ने योजना रहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर चुमनलाल दासले वताउनु भएको छ ।

अस्पतालको बेड थप्ने, दरवन्दी थप्ने, भौतिक संरचना वनाउने लगायतका सुधारका योजनाहरु स्वास्थ्य मन्त्रालयमा स्वीकृतिको क्रममा रहेकोले स्वकृति हुन वितिकै केहि समय पछि अस्पतालको मुहार फेरिने भन्दै मुख्य रुपमा विरामीका चाप बढेकोले जनशक्तिको अभाव रहेको छ त्यसको लागि ११ सय दरबन्दी थप हुने त्रममा रहेको मेसुको भनाई छ ।

अस्पतालका मेडिकल सुपरि टेन्डेन्ट डा. दासका अनुसार अस्पतालमा सेवा सुविधाको सुलभ र विस्तार भएको छ । स्वास्थ्य विमाको पहुँच बिरामीले सहज पाइरहेका छन् । महिनामा करिब १ लाखको ओखती विमाबाट सर्वसाधारणले छुट लिएर गएका छन् । दैनिक २ सय जति ल्याब

बाँकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com











All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## घिनाघाट...

वेरोजगारी समस्या समेतलाइ पक्की सडकले हल हुने भएपछि स्थानीबासीमा खुशी छाएको सुजित माभ्कीले वताए ।

घिनाहाघाट-विराटचौक २२ किलोमिटर चारलेन सडक प्रदेशकै गौरवको योजना भएको सो योजनाको प्रदेश नं. १ को मुख्यमन्त्री राईले गरेका थिए । त्यसैले सडक तोकिएकै अवधिमा पूरा गर्न सम्बन्धित निकायलाइ थप जिम्मेवारी रहेको छ ।

गहिले सकडका सबै भागमा दुबैतर्फको अवरोध हटाएर बाटो फराक पार्ने काम भईरहेको छ । कतिपय भागमा नाला निर्माणको कामले समेत गति लिएको छ ।

दुईवटा प्याकेजमा विराटचौक र घिनाघाटतर्फबाट सडक ठेक्का लागि निर्माणको काम आसोजबाट शुरु भएको हो । १ अर्ब २० करोडमा ठेक्का लागि काम शुरु भएको हो ।

करोना महामारीका कारण बजेटहरु कटौती भएकाले आर्थिक वर्ष २०७६/०७७ कै काम भएको १६ करोड भुक्तानी हुन वांकी छ भने ३ अर्व भुक्तानीको तयारीमा रहेको छ । अरु योजनाको काम बजेटको कारण अवरोध आएपनि प्रदेश १ को गौरवको योजना विराटनगर घिनाघाट देखि विराटचौक सम्मको चार लेनको सडकमा कुनै बाधा अवरोध नआउने र समयमै निर्माण सम्पन्न हुने रेड्डीले वताए ।

उक्त चार लेन सडको चौडाई बजार क्षेत्रमा ६६ फिट रहेको छ भने बजार क्षेत्र बाहेक बस्ती भएको ठाउँमा ५६ फिट रहेको छ ।

## कर्मचारीले...

थान ट्रयाक्टर, १ थान मोटर साईकल रहेको छ भने सटर भाडा वापत वार्षिक ९ लाख आन्दानी भई रहेको छ । त्यसैले बचत कर्ताको रकम तिर्न दुई विकल्प अगाडी सारीएको छ कित जग्गा विक्री वा राष्टिय सहकारी संस्थासंग ऋण लिएर बचत कर्ताको रकम भुक्तानी गर्ने तयारीमा रहेको सहकारीका सहसचिव मो. सलिम उद्दीनको भनाई छ ।

सहकारीको रकम संचालक समितिले अनियमितता गरेको होईन, कर्मचारीले सम्पति हिनामिना र अपचलन गरेको स्वीकार गर्दै दुई आर्थिक वर्षको लेखा परिक्षण हुन वांकी रहेका सो लेखा परिक्षण भई रहेको छ । बचत कर्ताकै सम्पतिवाट अहिले चल अचल गरी २० करोडको सम्पति रहेको छ । त्यसैवाट बचत कर्ताहरुको रकम फागुन मसान्त सम्म फिर्ता गरी सहकारीलाई पुनः संचालनमा ल्याउने नमुना सहकारी संस्था लिमिटेडका अध्यक्ष गुलावचन्द मण्डलको भनाई छ ।

## सुन...

खनेर सुनको अंगुठी निकालि देखाएर २ किलो सुन चाहियो भने अभ्क ५० हजार खर्च हुन्छ भने पछि प्रलोभनमा परी आफ्नो घरमा रहेको सुन-चादी बजारमा वन्धकी राखी ५० हजार नगद भ्काक्रीलाई दिएका थिए ।

त्यस पछि भ्काक्रीले तपाईको कुमारी छोरी गुजेश्वरी माभ्कीलाई मेरो जिम्मामा दिनुहोस त्यसलाई ५ वटा नदी कटाएर पार गरेपछि मसानले तपाईको घरमा लुकाएको सुन भट्ने छ भन्दै माघ १० गते १ बजे हिडेको भ्काक्री र छोरी फिर्ता नआएपछि खोजतलास गरी पाउँ भन्दै ११ गते जिल्ला प्रहरी कार्यालय मोरंगमा समेत निवेदन दर्ता गराएको र निवेदन दर्ता गराएको एक हप्ता भई सकेको भएता पनि प्रहरीले कुनै चासो नदेखाएको भन्दै पत्रकार सम्मेलनमा गुजेशवरीको दाजु ध्रुवनारायण थारु माभ्कीले वताए ।

भ्काक्री यूवाले रामवती साहको पेटमा भएको पथरी ठीक पारी दिन्छु भन्दै २ हजार ५ सय समेत ठगेर लगेको छ । खोज तलास गर्दा भ्काक्री यूवाको घर विराटनगर महानगर पालिका वडा नं. १९ घिनाघाटमा रहेको तीन चार जना श्रीमति समेत रहेको ध्रुवनाराय थारुले वताए । बहिनीलाई खोज तलास गरी दिन सबैमा आग्रह समेत गरेको छ ।

## स्कुटी...

पालिका वडा नं. ८ वलुवाई बस्ने बर्ष २५ को बिरेन्द्र मुखियाले जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ८ देवकोटा चोक बस्ने बर्ष २७ को माधव प्रसाद साहको को २८ प १२४४ नम्बरको होण्डा युनिकन मोटरसाईकल चोरी गरी विराटनगरबाट जोगवनीतर्फ लाँदै गरेको अवस्थामा पक्राउ गरिएको छ ।

ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले मोटरसाईकल सहित मुखियालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मोरङबाट चोरी कसूरमा थप अनुसन्धान कार्य भई रहेको छ

## बेड र दरबन्दी...

टेस्ट भइरहेको छ । आफ्नो कार्यकालमा आइसेयु, भेन्टिलेटर, क्यान्सर, मुटु रोग जस्तो जटिल रोगिहरुका लागि थप सुधार गर्दै लाने भएको छ ।

कोभिड भाइरस महामारीको भ्याक्सिन आइसकेपछि जनतामा जुन डर थियो । अब सामान्य अवस्थामा जनजीविका फर्केको बताएका छन् । दासले पहिलो चरणमा फ्रन्टलाइनमा रहेका स्वास्थ्यकर्मी भ्याक्सिनको पहुँचमा रहेपनि छिट्टै आमजनताले पाउने विश्वास व्यक्त गरेको छ ।

कोशी अञ्चल अस्पताल विराटनगरमा अत्याधिक चिसो बढेसँगै विरामीको चाप पनि बढेको छ । चिसो कै कारण उपचारका लागि भर्ना हुने ज्येष्ठ नागरिक, महिला तथा बालबालिकाको संख्या अत्याधिक रहेकोले बिरामीले बेडहरु भरिएको डाक्टर लक्ष्मी नारायण यादवले जानकारी गाराए ।

# खैरोहिरोइन ब्राउनसुगर सहित दुई जना पक्राउ

भ्कापा । भ्कापाको दमक नगरपालिका वडा नं. ३ स्थित भुटानी शरणार्थी शिविरबाट लागुऔषध खैरोहिरोईन ब्राउनसुगर सहित एक जना पक्राउ परेको छ । पक्राउ पर्नेमा ईलाम चुलाचुली ३ का ३८ बर्षीय यम बहादुर थाम्सुहाङ रहेको छ ।

थाम्सुहाङले शिविर भित्र प्रवेश गरी ब्राउनसुगर बेचबिखन गर्ने गरेको विशेष सुराकका आधारमा खटिएको प्रहरी टोलीले उनलाई १ ग्राम ८५० मिलिग्राम ब्राउनसुगर र नगद १९ हजार २५ रुपैया सहित पक्राउ गरिएको ईलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

त्यसै गरी ईलाका प्रहरी कार्यालय दमकबाटै खटिएको प्रहरी टोलीले दमक ५ अनाम टोल स्थितबाट खैरोहिरोईन ब्राउनसुगर सहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा दमक १ का २६ बर्षीय गगन लिम्वु योङया रहेको छ ।

लिम्बुलाई ३ ग्राम लागुऔषध खैरोहिरोईन ब्राउनसुगर सहित पक्राउ गरिएको उक्त कार्यालयले जनाएको छ ।

लागुऔषध खैरोहिरोईन ब्राउनसुगर सहित पक्राउ परेका दुबै जना उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईऐको छ ।

# हतियारमा लाग्ने १८५ राउण्ड गोली बरामद

विराटनगर । हतियारमा लाग्ने १ सय ८५ राउण्ड गोली एक जनाको कुखुरा खोरबाट बरामद भएको छ ।

मोरङ उर्लाबारी नगरपालिका वडा नं. १ लक्ष्मीभ्कारको दल वहादुर लिम्वुको घरमा रहेको कुखुराको खोर देखि ५ मिटर दक्षिण खेतबारीमा गोली बरामद भएको हो ।

मोरङ उर्लाबारी नगरपालिका वडा नं. १ बस्ने वर्ष ५३ को भक्त वहादुर सुवेदीले खेत खन्ने क्रममा कालो रंगको प्लाष्टिक भित्र पोका पारी माटो मुनि लुकाई छिपाई गाढेको अवस्थामा हातहतियारमा प्रयोग हुने ७.६२ एमएमका १ सय ८५ राउण्ड गाली फेला पारेको थियो ।

उक्त गोली ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले बरामद गरी थप अनुसन्धान कार्य भई जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।



प्रधानमन्त्री केपी शर्मा ओलीले चालेको असंबैधानिक कदमको विरोधमा जनता समाजबादी पार्टी नेपाल मोरंगले शुक्रवार गरिएको कोणसभामा जसपाका नेताकार्यकर्ता भन्दा सुरक्षाकर्मी नै बढी देखियो ।

सड्कमा लैगिंक हिन्साको रोकथाम :
तीनै तहका सरकारले निर्माण गरौं नयाँ आयाम
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग




अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौं वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याव सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनक सेवा
★ **X-Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### पार्टी भित्रको झगडामा आम नेपाली जनताहरूलाई सास्ती

बहुमत प्राप्त नेपाल कम्यूनिष्ट पार्टीका प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीभित्रका साथीहरुले काम गर्न नदिएको भन्दै पौष ५ गते प्रतिनिधीसभा विघटन गरेपछि सत्तापक्षका प्रचण्डमाधव समूह लगायत जनता समाजवादी पार्टी नेपाल, नेपाली कांग्रेस लगायतका राजनीतिक दल, नागरिक समाज, मानवअधिकारवादीहरु समेतले निरन्तर सडक आन्दोलनमा रहेको छ। सो विरोधहरु आ-आफ्नै तर्क वितर्क गर्दै संघर्षमा उत्रेका छन्। समान्य देखि असमान्य विषयमा उत्पन्न विवाद असन्तुष्टी पोख्ने थलोका रुपमा सडकलाई प्रयाग गर्ने गलत अभ्यासले आमनेपाली जनता सास्ती भोगी रहेको छ। जसका दैनिक ज्याला मजदुरी गर्ने निमुखा जनताहरुमा परेको पिरमर्का वारे कसैले पनि सोधी खोजी गरेका छैन्। सडक आन्दोलनकै क्रममा अचानक विहीवार माधव प्रचण्ड समूहले गरेको आम हड्तालले झन सास्ती दिएको पाईन्छ। सत्ता प्राप्तिका लागि आन्दोलन गर्दा आम नेपाली जनतामा पर्ने समस्याको वारेमा विर्सिने प्रवृति त्याग्नु पर्छ। दुई समूहको बीचमा भएको लडाईमा तस्रो पक्षलाई पिल्सिनु हुँदैन।

प्रतिनिधीसभा विघटनपछि दुई कित्तामा उभिएको नेपाल कम्युनिष्ट पार्टी र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस लगायत दलले सडकमा गरेको सभा, जुलुस, धर्नाको जुहारी चलिरहेको छ। एउटा पक्षले आन्दोलन गरेपछि अर्को पक्षले त्योभन्दा ठूलो शक्ति प्रदर्शन गर्ने प्रतिस्पर्धा चलिरहेको छ। गुटगतरूपमा विभाजित कार्यकर्ताबाट हुने टुक्रे आन्दोलनको हिसाब नै छैन। जसले सधैंजसो सडक अशान्त पारेको छ। सडकमा भएको भिड नियन्त्रण गर्न सुरक्षाकर्मीहरुलाई हम्मेहम्मे परेको छ। आन्दोलन गर्ने राजनितीक दल र नेताहरु सडकमा आन्दोलन गरेतापनि जनता प्रतिको उत्तरदायित्व भन्दा पनि सत्तालाई मात्र अर्जुन दृष्टी बनाएको प्रष्ट देखिन्छ। नेकपाको प्रचण्ड समूहद्वारा बिहीबार आह्वान गरिएको आम हड्ताल पनि दलका नेता तथा कार्यकर्तामा झाँगिदै गएको गलत आचरणको उच्चतम नमुना भएको थियो।

राजनीति पार्टी भित्र देखिएको झगडा पनि सत्ता प्राप्तीको लागि देखिएको छ जनताको लागि पक्कै होईन किन भने सडकमा सत्ता पक्ष र विपक्ष दुवै देखिएको छ। दुवैको चरित्र नेपाली जनताले बुझि सकेका छ। त्यसैले पार्टीभित्रको झगडा बखेडा पार्टीभित्र सुल्झाएर संविधान विपरीत भएको कामलाई समयमै सच्याएर देशमा अमन चयनका साथ पांच वर्ष सरकारलाई टिकाउन गरेको संविधानको कल्पनालाई सार्थक पार्दै अगाडी बढ्न अहिलेका आवश्यकता हो।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ।

# कोभिड - १९ पछि हाइड्रोजन उर्जा

डा. रामहरि पौड्याल

हाइड्रोजन वायुमण्डलमा पाइने एउटा रंगहीन गन्धहीन ग्यास हो। यो पर्यावरणीय प्रदूषण कम गर्न भविष्यमा हरित ऊर्जाको एउटा ठूलो वैकल्पिक साधन हुनेछ। ऊर्जाको वैकल्पिक समाधानमा लागिपरेका विश्वका वैज्ञानिक यसको बढ्दो माग र त्यसले फाल्ने पर्यावरणीय प्रदूषणलाई कसरी कम गर्ने भनेर जुटिरहेका बेला हाइड्रोजन ऊर्जाले एउटा ठूलो सम्भावना देखाएको छ।

ऊर्जा निर्माण गर्ने उद्योगहरू, परम्परागत तेल कम्पनी, ग्यास कम्पनीहरुका सामु पेरिस सम्झौताअनुसारका दिगो लक्ष्यहरू ठूलो चुनौती बनेर खडा भएका छन्। सबैलाई यी लक्ष्य भेट्न अगाडि देखिएका चुनौतीहलाई कसरी समाधान गर्ने, कसरी ऊर्जाको बढ्दो मागलाई हरित ऊर्जाका माध्यमले समाधान गर्ने भन्ने विषय आजको वैश्विक चुनौती बनेको छ।अर्कातिर कोविड(१९ को कहरले विश्वभरका मानिसलाई तिनका स्वभाव, खानपिनदेखि प्रयोग गर्ने इन्धन, चढ्ने कार, लगाउने कपडासम्मका सबै क्षेत्रमा दिगो व्यावसायिक ढाँचा अपनाउनु पर्ने संदेश दिएको छ।

दुनियाँ बदलिँदो छ। प्रविधि पनि बदलिरहेको छ। नयाँ प्रविधि आउँदैजाने क्रम तीव्रतर देखिन्छ। समयको बदलिँदो क्रमसँगै नयाँ प्रविधि व्यावसायिक शैली अपनाउनेले नै विकासको गतिमा फड्को मारेको देखिन्छ।

अहिलेको दुनियाँमा क्लाउड कम्प्युटिङ, बिग डेटा, एआई अर्थात् आर्टिफिसियल इन्टेलिजेन्स, आईटी, मसिन लर्निङजस्ता प्रविधि समयमै अपनाउनेको उन्नति भएको देखिन्छ। यस्ता प्रविधि समयमै प्रयोग नगर्नाले व्यवसायहरु घाराशायी भएका छन्। यस्तै कुरा ऊर्जाको सम्बन्धमा पनि लागू हुने गर्छ। ऊर्जाको प्रयोगमा विश्वमा बढ्दै गएको नयाँ प्रविधि नयाँ प्रयोगलाई समयानुकूल नेपालले पनि पछ्याउनु बुद्धिमानी हुनेछ।

नवीकरणीय ऊर्जाको युग

कोरोना कहरको समाप्तिपछि नवीकरणीय ऊर्जाको क्षेत्रमा ठूलो फड्को मारिनेमा कुनै दुबिधा रहेन। कोरोनाकालमा सबै प्रकारका व्यवसाय गिर्दै गएको सुनिए पनि नवीकरणीय ऊर्जाको क्षेत्रमा उत्साहप्रद प्रगति देखिएको छ।

नवीकरणीय ऊर्जाका सेयर आकासिएका छन्। एलन मस्क दक्षिण अफ्रिकामा जन्मिएका क्यानाडाली अमेरिकी इलेक्ट्रिकल इन्जिनियर आविष्कारक नवीकरणीय ऊर्जा उद्यमी हुन्। उनी पेपलका सहसंस्थापक थिए।

यो व्यवसाय उनले डेड अर्ब डलरमा बिक्री गरे इबेलाई। आफ्नो व्यावसाय ढाँचा परिवर्तन गर्दै उनले स्पेस(एक्स टेस्ला मोटर्स स्थापना गरे। उनी स्पेस(एक्सका प्रमुख कार्यकारी र मुख्य डिजाइन, टेस्ला मोटरमा सिइयो र उत्पादन डिजाइनका प्रमुख एवं सोलार सिटीका अध्यक्ष छन्। नवीकरणीय ऊर्जाको सही व्यवसायिक ढाँचाले उनलाई कोरोना कहरका बीच २०९ अर्बको मालिक बनाएर विश्वका धनीको सूचीमा उकालेको छ।

हाइड्रोसँगै हाइड्रोजन

वर्तमान परिस्थितिमा हाइड्रोजन ऊर्जाको उपयोगिता हेरेर विश्वका कैयौं विकसित तथा विकासशील देशले हाइड्रोजन ऊर्जाको विकासमा निकै महत्त्वपूर्ण भूमिका खेल्दै आएको पाइन्छ। संसारभरका ठूला अटो मोबाइल (सवारी साधन निर्माता) कम्पनीहरूले पनि अब हाइड्रोजन फ्युल सेलबाट चल्ने सवारी साधनको विकासमा जोड दिन थालेका छन्।

यो कार्बन शून्य वैकल्पिक ऊर्जा व्यवस्थाले बढ्दो वातावरणीय प्रदूषणलाई कम गर्न विश्वका सबै देशलाई सन् २०५० सम्म कार्बन शून्य बनाउन ठूलो प्रेरणा मिल्नेछ। हाइड्रोजन फ्युल सेलद्वारा पानीमा कुनै प्रकारको प्रदूषक तत्त्व हुँदैन।

यही उत्प्रेरक शक्तिले हाइड्रोजनको उपयोग बढ्दै जाने देखिन्छ। यतिमात्र होइन हाइड्रोजन फ्युल सेलमात्र पाँचदेखि सात मिनेटमा भर्न सकिन्छ कारमा। एकपटक फ्युल भरेको कारले चार सयदेखि छ सय किलोमिटर सम्मको यात्रा हुन्छ।

हाइड्रोजन फ्युल सेललाई ब्याट्रीसँग पनि तुलना गर्न सकिन्छ। जर्मनीले इस्पात उत्पादनको लागि कोइलाको ठाउँमा हाइड्रोजन ऊर्जाको सफल प्रयोग गरेको छ। त्यहाँ रेल परियोजनामा पनि हाइड्रोजन ऊर्जाको प्रयोग सुरु भएको छ।

हाइड्रोजन ऊर्जाबाट सञ्चालित बसहरू सडकमा दौडिएको धेरै भइसकेको छ। हवाई यात्रामा शून्य कार्बनका लागि फ्युल सेलबाट वायु यान कसरी उडाउने भन्ने अनुसन्धान भइरहेको छ। केही वर्षमा नेपालको हाइड्रो पावरबाट ठूलो मात्रामा जलविद्युत् उत्पादन हुने बताई रहँदा बढी भएको बिजुली भारतले नकिन्ने भए त्यसै खेर जाने हल्ला चलिरहेकै बेला नेपालले समयमै बढी भएको बिजुली हाइड्रोजन ऊर्जामा बदलेर फ्युल सेलको रूपमा संसारभर निर्यात गर्नेतर्फ सोच्नु पर्छ। नेपाललाई हाइड्रो र हाइड्रोजनको देशको रूपमा चिनाउनु पर्ने देखिन्छ। बढी बिजुली खाने सिमेन्ट, स्टिल, रासायनिक मल कारखाना हाइड्रोजन ऊर्जाबाट चलाउनु पर्छ।

रासायनिक मलको उत्पादनमा हाइड्रोजनको प्रयोग

नेपालको कृषि क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान गरिरहेको छ। देशको कुल जनसंख्याको ६५ प्रतिशतको जीविकोपार्जनको मुख्य स्रोत कृषि नै हो। दुर्भाग्य, कृषि मलको अभावमा किसानहरुले भोग्नुपर्ने हरेक वर्ष अप्ठेरो लज्जाको विषय भएको छ।

नेपालमा हरेक वर्ष करिब सात लाख मेट्रिक टन रासायनिक मल आवश्यक हुन्छ। आर्थिक वर्ष २०७६र७७ मा रासायनिक मल आयात गर्न नौ अर्ब रुपैयाँ विनियोजन गरिएको थियो र यो आर्थिक वर्षमा यो रकम ११ अर्ब रुपैयाँ पुऱ्याइएको छ। यसरी देशले हरेक वर्ष ११ अर्ब छिमेकी देशमा पुऱ्याइरहेको छ कृषि मलका नाममा। अर्कातिर ऊर्जाका नाममा पेट्रोलियम पदार्थ र बिजुलीसमेत गरेर वर्षको ३ खर्ब रुँपैया हामी विदेशमा पठाइरहेका छौं।

हाम्रो विकासको यो परनिर्भर ढाँचा बिजुली बेचेर देश धनी हुन्छ भन्ने झुटो आश्वासन सबैभन्दा खतराको संकेत हो। देश बिजुली बेचेर होइन बिजुलीले बनेका औद्योगिक वस्तु अन्तर्राष्ट्रिय बजारमा पठाएर त्यसबाट आउने वैदेशिक मुद्राले विकसित हुन्छ।

त्यसका लागि हामीले धेरै बिजुली खपत हुने रासायनिक कृषि मल कारखाना खोल्नुपर्छ। सिमेन्ट, स्टिल जस्ता उद्योगलाई प्रोत्साहन गर्नुपर्छ। अबको केही वर्षमा बिजुली खेर जाने भयो भनेर रोइलो गर्ने होइन कसरी त्यो बिजुलीको खपत बढाउने रु कसरी त्यो बिजुलीलाई फ्युल सेलका रूपमा संचय गरेर गाडीहरू कुदाउने, कारखाना चलाउने भन्नेतर्फ लाग्न ढिला भइसक्यो।

एसियाली विकास बैंक ९एडीबी०को अध्ययन प्रतिवेदन अनुसार नेपालमा हाइड्रोजन उत्पादन ऊर्जा क्षेत्रको नयाँ र प्रभावकारी विकल्प बन्ने देखिन्छ। एइमिङ जोउ, वेई जोउ र पुष्कर मानन्धरले गरेको संयुक्त अध्ययनअनुसार नेपालको जलस्रोतको सम्भावना हाइड्रोजनमा प्रशस्त देखिन्छ।

काठमाडौं विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्रा. डा. भोला थापाका अनुसार "यस पद्धतिमा पानीबाट जलविद्युत् निकाल्ने र त्यही विद्युत् प्रयोग गरेर पानीलाई खण्डीकरण गर्ने गरिन्छ। इलोक्ट्रा ेलाइजर प्रयोग गरेर पानीमा रहेको हाइड्रोजनको अंश छुट्याएर सिलिन्डरमा भण्डारण गरिन्छ।"

हाइड्रोजन ऊर्जाको महत्त्वलाई समयमै बुझेर युरोपियन युनियनले सन् २०५० सम्म कार्वन न्युट्रल बनाएर जलवायु परिवर्तनसँग जुध्न हजार अर्ब डलरको व्यवस्था गरेको छ र फ्युल सेल प्रविधिलाई दक्षिण कोरियाले पनि ठूलो महत्त्व दिएको छ।

तेस्तै जापानको टोयोटा कम्पनीले हाइड्रोजन फ्युल सोसाइटी बनाउन कैयौं अर्ब डलर को आयोजना अगि सारेको देखिन्छ, अमेरिकाका नवनिर्वाचित रास्ट्रपति जो बाइडेनले १ हजार ७ सय अर्ब डलरको कार्यक्रम अघि सारेका छन् सन् २०३० सम्म सफा इन्धनको महत्त्वाकांक्षी योजनामा उनले पेरिस महासन्धिमा अमेरिकाको प्रतिबद्धता पुनः जनाए शपथ लिएकै दिन, हाम्रो छिमेकी भारतले सन् २००५ मै राष्ट्रिय हाइड्रोजन नीति तयार गरेको देखिन्छ।

त्यसको उद्देश्य हाइड्रोजन ऊर्जाको उत्पादन, भण्डारण, परिवहन सुरक्षा, वितरण र अनुप्रयोगसँग सम्बन्धित विकासको नयाँ आयाम उपलब्ध गराउनु थियो। आर्थिक वर्ष २०२० र २१ मा भारतको केन्द्र सरकारले हाइड्रोजन ऊर्जाका लागि २० लाख डलरभन्दा बढीको बजेट तय गरेको छ। हाइड्रोजन ऊर्जाको लागि विश्वस्तरमा भएको प्रयासको प्रेरणाबाट नेपालले तुरुन्त सिक्नुनें देखिन्छ र किनभने नेपालमा कृषिजन्य तथा पुनर्नवीकरणीय फोहोरको पर्याप्त उपलब्धता छ। पानीको विशाल भण्डार छ र

वांकी ३ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरू

**दमकल**

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरुवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# विराटनगर विमानस्थल पीडितहरु द्धारा संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रीलाई ज्ञापन

विराटनगर । विराटनगर विमानस्थललाई अन्तराष्ट्रिरको विमान स्थल बनाउनको लागि स्थानीयको जग्गा अधिग्रहन गर्दा विस्थापित हुने पीडितहरुले संस्कृती पर्यटन तथा नागरिक उडड्यन मन्त्री भानुभक्त ढकाललाई ज्ञापनपत्र बुझाएको छ ।

सो ज्ञापनपत्र बुझ्दै ढकालले उचित क्षतिपूर्तिका लागि आफुले जिल्ला स्तरमा रहेको क्षतिपूर्ति तथा मुआब्जा मूल्यांक तथा वितरण समितिलाई मागहरुको उचित सम्बोधनका लागि आवश्यक निर्देशन दिने भएको छ ।

विराटनगर विमानस्थल पीडित संघर्ष समितिका संयोजक वेदराज पौडेल लगायतको टोलीले मन्त्री ढकाललाई भेटी ८ बुँदे ज्ञापन पत्र बुझाएको थियो । मन्त्री ढकालले जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बन्ने मुआब्जा निर्धारण तथा वितरण समितिलाई पीडितहरुको मागको उचित सम्बोधनका लागि आफुले निर्देशन दिने अश्वासन दिदै 'तपाईहरुको मागको सम्बोधन स्थानीय स्तरबाटै हुन्छ, माथिबाट मैले केही मिलाउनु पर्ने भए म मिलाउछु ।' वहांको भनाई थियो ।

मन्त्री ढकाललाई बुझाएको ज्ञापन पत्रमा संघर्ष समितिले विमानस्थलको विस्तारबाट विस्थापित हुनेहरुले बसेकै स्थान जतिकै शहरी क्षेत्र र सुविधा सम्पन्न स्थानमा घर घडेरी किन्न सक्ने गरि मुआब्जाको व्यवस्था गरिनु पर्ने, विमानस्थल विस्तार गर्दा अधिग्रहण हुने घडेरीका लागि अधिकतम मुल्य बीस लाख रुपैयाँ प्रतिधुर र पक्की घरको प्रति स्क्वायर फुट चार हजार पाँचसय रुपैया मुआब्जा दिनु पर्ने, विमानस्थल विस्तारको क्रममा पर्ने आधा घर र आधा जमिनका हकमा पूरै जमिन र पुरै घरको मुआब्जा दिनु पर्ने माग गरिएका छन् ।

त्यसैगरी पूर्वतर्फको विमानस्थल विस्तारका क्रममा कतिपय घर आधाभन्दा बढी भाग परेकाले बस्नै



नमिल्ने भएको समेत समितिले उल्लेख गरेको छ । बाटो समेत अधिग्रहणमा परि घरमात्रै बाँकी रहेकाको हकमा समेत आउ-जाउ गर्न बाटोको व्यवस्था र उनीहरु हट्न चाहेमा मुआब्जा र क्षतिपूर्ति दिनु पर्ने माग मन्त्री समक्ष राखेका छन । मुआब्जा दिदा सरकारले कट्टा गर्ने लाभकर नलिन र घरहरुको हकमा डिप्रिसेशन समेत नकाट्न आग्रह गर्दै विमानस्थलले अधिग्रहणमा पर्ने निर्माण सम्पन्न भइसकेको घरहरु तर नक्सापास हुन बाकी घरहरुको हकमा निर्माण सम्पन्न लिनका र घर नक्सा पास गराउनका लागि समय दिनु पर्ने माग गरिएको छ ।

विमानस्थलबाट विस्थापितहरुले विस्थापित भएपछि कतै गएर एकमुष्ठ रुपमा जमिन किनी त्यसलाई टुक्र्याएर एकै ठाउँ बस्न चाहेमा त्यसको कित्ताकाट हुने व्यवस्था मिलाउन र छुट्टछुटै बस्न चाहेमा समेत जमिन कित्ताकाटको व्यबस्था मिलाउन माग गरिएको छ ।

कतिपय विस्थापित हुनेहरुका घर जग्गा बैंकमा धितो रहेका कारण सरकारले मागेको बेला जग्गाधनी पूर्जा दिन सक्ने अवस्था नरहेको कारण पछि मुआब्जाको रकमबाट कट्टा हुने गरि घरजग्गा धितो फुक्का हुने ब्यवस्था गरिदिन समेत माग गरेका छन ।

मंगलबार नै संघर्ष समितिका संयाजक पौडेल सहित रेवतबहादुर खड्का सन्तोष, उद्धव कार्की, सीता कार्की,मोहमद सलिम, अम्बिका उप्रेती, मोहमद मुन्ना, केशे मगराती, मनिता शर्मा सहितको टोलीले मुआब्जा निर्धारण तथा वितरण समितिका संयोजक तथा मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरी निरौलालाई भेटी पीडितहरुको तर्फबाट आठ सुत्रीय माग पेश गरेको थियो । प्रमुख जिल्ला अधिकारी निरौलाले माग पत्र बुझ्दै पीडितहरुको तर्फबाट पेश भएको माग प्रति आफु सकारात्मक रहेको र मागहरुलाई समितिमा राखेर छलफल गरि सम्बोधन गरिने बताए ।

त्यसैगरि मंगलबार नै समितिले विराटनगर महानगर पालिकाका प्रमुख भीम पराजुलीलाई पनि माग पत्र पेश गरेको थियो । माग पत्र बुझेपछि पिडितहरुलाई सम्बोधन गर्दै मेयर पराजुलीले बिमानस्थल बिस्तार हुदा विस्थापित हुने पीडितहरुलाई खुसी बनाउने गरि मागहरुको सम्बोधन गर्न आफुलागि पर्ने बताए । उनले भने 'म तपाईहरुकै भोटले जितेर यहाँ आएको हुँ तपाईहरुको मागलाई पुरा गराउन कुनै कसर बाँकी राख्दिन ।' आफ्ना नगरबासीहरुले बढीभन्दा बढी मुआब्जा पाउनु पर्छ भन्ने पक्षमा आफुरहेको पनि उनले प्रष्ट्याए ।

त्यसैगरि नागरिक उडड्यन प्राधिकरण विराटनगर विमानस्थल प्रमुख उत्सवराज खरेलले पीडितहरुको माग बुझ्दै नियमले भ्याएसम्म मागहरुलाई सम्बोधन गर्न आफुले पहल गर्ने उल्लेख गरे । कानूनी र ब्याबहारिक दुबै पाटोहरुलाई हेरेर मुआब्जा वितरण गर्ने र सक्दो आफुहरुले विस्थापित हुनेहरुको मागलाई सम्बोधन गर्ने खरेलले बताए ।

त्यसैगरि विराटनगर महानगर पालिका वडा नम्बर ४ का वडाध्यक्ष देवेन्द्र पोखरेलले यस अघि विमानस्थलले अधिग्रहण गरेको जमिनबाट विस्थापितहरुलाई चित्तबुझ्ने गरि मुआब्जा र क्षतिपूर्तिको सिफारिस गरेकाले पछिल्लो समयमा पनि आफुले सबैको चित्तबुझ्ने गरि ब्याबहारिक ढंगले मुआब्जाका लागि सिफारिस गर्ने उल्लेख गरेका थिए ।

## कोभिड-१९ पछि...

तीन सय दिन घाम लाग्ने आकाश छ । हावा लागिरहने बतासे डाँडा छन् ।

यसबाट नेपालले पनि समयमै हाइड्रोजन ऊर्जासम्बन्धी नीति नियम बनाउन एउटा आयोग तुरुन्त बनाउनुपर्ने देखिन्छ । सरकारले गत १२ वर्षमा प्रदूषण शुल्कका नाममा करिब रु। १० अर्ब असुल गरिसकेको छ । नेपाली उपभोक्ताले आर्थिक वर्ष २०६५र०६६ देखि आव ०७६र७७ सम्म सरकारलाई ९ अर्ब ८० करोड गैरकर राजस्व बुझाएको नेपाल आयल निगमको तथ्यांकले देखाउँछ ।

यो प्रदूषण शुल्क हो । यो प्रदूषण शुल्क देशको वातावरणीय क्षेत्रमै खर्च हुनुपर्ने चर्को आवाज उठिरहे पनि सरकारी पक्षले सुनेको देखिँदैन । के यो पैसाको केही अनुपात हाइड्रोजन ऊर्जाको विकास गर्ने आयोग बनाउने काममा खर्च गरे देशले कोल्टे फेर्ने थियो कि ? काठमाडौंको टेकुमा रहेको सवारी परीक्षण केन्द्रमा जडान गरिएका ६ करोड रुपैयाँका मेसिनमा माकुरोको जालो लागेको छ ।

यो सेन्टर चलाए नेपालमा चलिरहेका धेरैजसो सवारी प्राविधिक रूपमा अयोग्य ठहरिने भएपछि प्रयोगविहीन बनाएर छडिएको हुनसक्छ । हाइड्रोजन फ्युल सेलमा देशको यातायात क्षेत्रलाई बदल्न त्यसको अनुसन्धान सुरु गर्न ढिला गर्नु हुँदैन ।

अन्त्यमा,

नेपालको ११० वर्षको जलशक्तिको इतिहासलाई ५ वर्षमा हाइड्रोजन ऊर्जाले चिनाउने चुनौती नेपालका सामु आएको छ । काठमाडौं विश्वविद्यालयले शैक्षिक प्रयासका अतिरिक्त नीति निर्माता तथा सरोकारवालाबीच चर्चाको विषय बनाउने गरी 'ग्रिन हाइड्रोजन ल्याब' स्थापना गर्नु ठूलो कार्य हो । 'हाइड्रोजन उत्पादनलाई व्यावसायिक स्वरूप दिनेगरी केही योजना पनि केयुले गरिरहेको' प्रा. बिराज सिंह थापाले बताएका छन् ।

यही आधारमा नेपाल आयल निगम र काठमाडौं विश्वविद्यालय बीच हाइड्रोजन ऊर्जा प्रविधिलाई नेपालमा लागु गर्ने विषयमा अनुसन्धानको लागि सम्झौता पनि भएको छ र हाइड्रोजन ऊर्जामा यो एउटा कोसे ढुंगा साबित होस्, विश्वमा चल्दैगरेका नयाँ ऊर्जा मोडेलबाट सिक्दै नेपालले पारम्परिक जैविक ऊर्जा र हाइड्रो पावरमात्र होइन नवीकरणीय ऊर्जा , हाइड्रोजन उर्जा सबैलाई सामेल गर्दै अघि बढ्नुपर्ने चुनौती थपिएको छ 'टु मेक एन इनर्जी फिक्स, वी निड एन इनर्जी मिक्स' ब्रिटिस पेट्रोलियम कम्पनीको यो मूल मन्त्र अब नेपाल आयल निगमले पनि पछ्याउँदै अगाडि बढोस् । ( बेलायतस्थित स्वान्जी युनिभर्सिटीमा अनुसन्धानरत नवीकरणीय ऊर्जाविद्) बाह्रखरी

## चार वर्ष पछि फरार प्रतिवादी पक्राउ

विराटनगर । अदालतबाट चार वर्ष पहिले दण्ड सजायको फैसला भई फरार रहेका प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

बिशाल ढुंगेलको जाहेरीले अपहरण, शरिर बन्धक, जवरजस्ती करणी र चोरी मुद्दामा जिल्ला अदालत झापाबाट लगत नम्बर ४५०२ मिति २०७३ माघ ५ गतेको फैसलाले ९ बर्ष १५ दिन कैद र रू ७८ हजार ८ सय जरिवाना भएका फरार प्रतिवादीलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेका जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं. ५ मधुमल्ला रोड बस्ने बर्ष ३४ को सुसन भन्ने राजेश्वर लिम्बुलाई ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले मंगलबार जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं. ४ आईतबारेबाट नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि सम्मानित जिल्ला अदालत झापामा बुझाएको छ ।

## लागुऔषध ट्याबलेट सहित चार जना पक्राउ

बिराटनगर । सुनसरी र उदयपुरका दुई छुट्टाछुट्टै स्थानबाट नियन्त्रीत लागुऔषध ट्याब्लेट सहित ४ जना पक्राउ परेका छन् ।

सुनसरीको धरान उपमहानगर पालिका वडा नं. १३ बाट स्थानीय २७ बर्षीय राज कुमार तामाङ, डाईजेल्याव ९ एम्पुल, फेनारागन ९ एम्पुल, लिजेसिक ९ एम्पुल अल्कोहल स्वार्स ४४ पिस र ६३ पिस सिरिन्ज सहित पक्राउ परेको हो ।

त्यसैगरी उदयपुरको त्रियुगा नगरपालिका वडा नं. ११ बाट नियन्त्रीत लागुऔषध सहित तिन जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले स्थानीय १७ बर्षीय रविन राई, २६ बर्षीय प्रभात राई र १९ बर्षीय संदेश राउतलाई डाइजेल्याव १३ एम्पुल, नफिन १४ एम्पुल र फेनेरगन ९ एम्पुल सहित पक्राउ गरेको हो ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## दुई सय पचास केजी गाँजा सहित दुई जना पक्राउ

सुनसरी । सुनसरीको ईनरुवा नगरपालिका वडा नं. २ बलाहा नहरबाट २ सय ५० केजी गाँजा सहित २ जनालाई पक्राउ गरिएको छ ।

को १ च ९८५२ नम्बरको बलेरो गाडीमा ठुलो परीणाममा गाँजा तस्करी भईरहेको भन्ने बिशेष सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट प्रहरी निरीक्षक सहितको कमाण्डमा खटिएको प्रहरी टोलीले ब्यारिकेट सहित चेकिङ राखेकोमा बराहक्षेत्रबाट आएको उक्त नम्बरको गाडी ब्यारिकेट लडाएर फरार भएको थियो ।

ब्यारिकेटलाई क्षति गरी फरार भएको उक्त गाडीलाई जिल्ला प्रहरी कार्यालय सुनसरीबाट प्रहरी उपरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले बलाहा नहरबाट नियन्त्रणमा लिएको हो । ब्यारिकेट लडाएर भागेको उक्त गाडीलाई नियन्त्रण लिन १ राउण्ड फायर समेत भएको थियो भने उक्त गाडीले भाग्ने क्रममा को १ ब २४३६ र को १ ब २१०५ नम्बरको मोटर साईकललाई समेत क्षति पुर्‍याएको तथा १ जना प्रहरी समेत घाईते भएका छन् ।

कोशीपुलबाट भागेको उक्त गाडीलाई बलाहा नहरबाट राती नै नियन्त्रणमा लिएको हो । गाडीसंगै चालक भोजपुर हतुवागडि गाउँपालिका वडा नं.९ का २७ बर्षीय अर्जुन खड्का र गाडीमा सवार रहेका धरान उपमहानगर पालिका वडा नं. १ का २६ बर्षीय ज्याक्सन श्रेष्ठलाई पक्राउ गरिएको छ ।

गाडिमा रहेको २ सय ५० के.जि गाँजा, नगद रु. १ लाख ५४ हजार र १ थान खूकुरी समेत बरामद भएको छ । घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय सुनसरीले थप अनुसन्धान गरिरहेको छ ।


**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

**कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना**

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १**

# प्रतिगमन सच्याएर मात्र हुँदैन संविधान संशोधन गर्नु पर्छ : जसपा नेता महतो

हिरालाल साह

बिराटनगर । प्रधानमन्त्री केपी शर्मा ओलिले पुस ५ गते संसद ( प्रतिनिधि सभा) बिघटन गरेकोमा प्रतिगमन गरेकोलाई सच्याएर मात्र नहुने, संविधान संशोधन मात्र एक बिकल्प भएको बताएको छ ।

उक्त कुरा जनता समावपादी पार्टीका बरिष्ठ नेता तथा पुर्व मंत्री राजेन्द्र महतोले बिराटनगरमा आयोजित पार्टी प्रवेश तथा अगुवा कार्यकर्ता भेटघाट कार्यक्रममा वताएको हो ।

महतोले अधिकार, सुशासन र समृद्धि नै देशको सहि समाधान भएकोले जनताले स्थाई समाधान खोजेको छ भन्दै पटक-पटक गरि काङ्गेस, कम्युनिस्टहरूले राज्य संचालन गरेका छन् । देशमा ७ वटा संविधान यिनै खसबादीहरुले बनाएका छन् । संविधान बनाउने र भत्काउने काम मात्र गरेको तर मधेसी, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, मजदुर, किसान, गरिबको हक हितमा संविधान कहिल्यै नल्याएको आरोप लगाएका थिए ।



अगुवा कार्यकर्ता भेटघाट कार्यक्रममा सहभागी केन्द्रिय नेताहरु ।

अहिलेको संघियता झण्डा र डण्डा मात्र देखाएको तर अधिकार कहिँपनि मधेसीले नपाएकोले पटक-पटक आन्दोलन गर्नुपरेको बिगतको ६ महिने आन्दोलन ताजा छ । संसद पुन:स्थापना भएमा मात्र संविधान लिकमा आउनेछ त्यो भन्दा आजको आवश्यकता संविधान संशोधन हो भन्दै अमेरिकीहरूले २ सय बर्षको, भारतीयले ७० बर्षदेखिको संविधान प्रयोग गरिरहेका छन् तर हाम्रो संविधान नश्लिय चिन्तनको भएकोले शासन र संबिधान मात्र परिवर्तन तर बिचार र व्यवहार कहिल्यै परिवर्तन नभएको आरोप लगाउँदै संपूर्ण उत्पिडित समुदायले आन्दोलनको लागि तयार रहन अगुवा नेता कार्यकर्तालाई निर्देशन दिएको छ ।

सो अगुवा कार्यकर्ता भेटघाट कार्यक्रममा विभिन्न पार्टीका सयौं जनाले जसपा नेपालमा प्रवेश गरेका थिए । उक्त कार्यक्रम जसपा नेपालका आन्दोलन परिचालन समिति मोरङ्गका संयोजक मो. कादिरको अध्यक्षतामा भएको थियो भने जसपाका अर्का मोरङ्ग संयोजक राजकुमार यादव सहित केन्द्रीय सदस्यहरुको उपस्थिति रहेको थियो ।

# नियन्त्रीत लागु औषध ब्राउनसुगर सहित तीन पक्राउ

झापा, माघ २१ गते । झापाको दुई छुट्टाछुट्टै स्थानबाट नियन्त्रीत लागुऔषध ब्राउसुगर सहित ३ जना पक्राउ परेका छन् ।

बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले दमक नगरपालिका वडा नं. ९ का २० बर्षीय अजय राजवंशीलाई २ ग्राम २०० मिलिग्राम ब्राउनसुगर, डिजिटल तराजु १ थान, नगद रु ७ हजार र मोबाईल २ थान सहित पक्राउ गरेको हो ।

त्यसैगरी ईलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले भारतिय नागरिक भारत किशनगंञ्जका ३० बर्षीय मो।आलम र २८ बर्षीय मदिउर रहमानलाई १० ग्राम लागुऔषध ब्राउनसुगर, भारतिय रुपैयाँ ९ हजार १ सय ७०, ५० ग्राम गाँजा र १ थान मोवायल सहित पक्राउ गरेको हो । पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।


कोरोना भाइरस

(कोभिड-१९) के संक्रमणसे बचैके लेल समाजिक दुरी कायम करु आर मास्क लगाऔ ।


# अनिश्चित कालको लागि स्थगित भएको बैठक आईतवार बस्दै

विराटनगर। प्रदेश नं. १ को प्रदेश सभा बैठक माघ ७ गते शुरु भएर तुरुन्तै अनिश्चित कालको लागि स्थगित भएको बैठक माघ २५ गते पुन: बस्ने भएको छ ।

प्रदेशसभा सचिबालयले आइतबार सूचना जारी गर्दै २५ गते दिनको २ बजे प्रदेश सभाको बैठक बस्ने जानकारी गराएको छ ।

प्रधानमन्त्री केपी शर्मा आलीले प्रतिनिधी सभा विघटन गरेपछि नेपाल कम्यूनिष्टपार्टी भित्रको विवादले प्रदेश देखि स्थाननिय तह सम्म पुगेकाले प्रदेश नं. १ का मुख्य मन्त्री शेरधन राईविरुद्ध अविश्वास प्रस्ताव दर्ता गराएको थियो ।

मुख्यमन्त्रीलाई नेकपाका बहुमत सांसदले दलको नेताबाट हटाएको र मुख्यमन्त्रीले अविश्वास प्रस्ताव दर्ता गर्ने १६ जना सांसदलाई निलम्बन गरेको अवस्थामा प्रदेशसभा बैठक आह्वान भएको प्रदेश प्रमुखको पत्र सभामुखले पढेर सुनाएपछि बैठक स्थगित भएको थियो ।

अविश्वास प्रस्ताव दर्ता भएको अवस्थामा प्रदेशसभाको बैठक लामो समय स्थगित भएको भन्दै प्रस्ताव दर्ता गर्ने सांसदहरुले तत्काल बैठक सुरु गर्न माग गर्दै अएको थियो ।

प्रदेश सभाको २५ गते बस्न बैठकमा मुख्यमन्त्री विरुद्ध दर्ता भएको अविश्वास प्रस्ताव अगाडि बढ्नेछ । यद्यपी मुख्यमन्त्री र उहाँको समूहले भने प्रस्ताव प्रक्रियामा लैजान नहुने दबाब सभामुखलाई दिइरहेको छ ।

मुख्यमन्त्रीले कार्वाही निलम्बन गरेका सांसदलाई प्रदेशसभामा प्रवेश नदिने र सभामुखले प्रवेश गराएमा बैठक अबरुद्ध गर्ने नेकपा संसदीय दलका प्रमुख सचेत बुद्धिकुमार राजभण्डारीले जानकारी गराएको छ । यधपी राजभण्डारीलाई नेकपाको संसदीय दलको बहुमत पक्षले प्रमुख सचेतबाट हटाइसकेको छ भने मुख्यमन्त्री राईलाई दलको नेताबाट हटाएर भीम आचार्यलाई नेता चुनेको छ ।

प्रदेशसभाामा सरकारले कुनैपनि बिधेयक दर्ता नगरेकोले बैठकको लागि अविश्वास प्रस्ताव बाहेक अरु कुनै कार्यसुची छैनन् ।

# बेवारिसे बलेरो

विराटनगर । सुनबर्सी नगर पालिका वडा नं. ८ स्थित डाईनिया सिक्टी खण्डमा बेवारीसे अवस्थामा रहेको बोलेरो प्रहरीले फेला पारेको छ ।

माघ १७ गते राती प्रहरी चौकी सिक्टी मोरङबाट खटिएको प्रहरी टोलीले जिल्ला मोरङ डायनिया सिक्टी सडक खण्डमा उत्तर फर्काई पार्किङ गरी राखेको को २ च २७८६ नंम्वरको वोलेरो गाडी वेवारिसे अवस्थामा फेला पारीएको हो ।

सो बोलेरोलाई ईलाका प्रहरी कार्यालय रंगेली मोरङमा ल्याई उक्त वोलेरो गाडीको वारेमा यातायात कार्यालय ईटहरी सुनसरीमा खोजतलास गर्दा दर्ता रहेको रेकर्डमा नभेटिएको जानकारी आएको थियो ।

सो जानकारी पछि उक्त गडी माघ २१ गते आवश्यक कारवाहीको लागि मुल भन्सार कार्यालय रानी विराटनगर बुझाएको छ ।


## विराटनगर महानगरपालिकाको सूचना

- ❐ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❐ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❐ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❐ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❐ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❐ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❐ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❐ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❐ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❐ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❐ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❐ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❐ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।



## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १



## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।



लेटाङ्ग नगरपालिका मोरंग प्रदेश नं. १






## पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.

Maximum care for life

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

# प्रहरी श्रीमति संघद्धारा न्यानो कपडा र खाद्यान सामग्री वितरण

बिराटनगर । १ नम्बर प्रदेश प्रहरी श्रीमती संघको आयोजनामा न्यानो कपडा तथा खाधान्न सामाग्री बितरण कार्यक्रम सम्पन्न भएको छ ।

सामाजिक कार्यमा अग्र भागमा रही कार्य गर्दै आईरहेको प्रदेश प्रहरी श्रीमती संघले असहृयाय तथा विपन्न ब्यक्तिहरुको लागी न्यानो कपडा तथा खाधान्न बितरण गरेको हो ।

झापाको गौरिगंज गाँउपालिका( ६ का ३५ घर परिवारलाई गौरिगंज भगवती प्राथमिक बिधालयको प्राङगणमा आज दिउँसो एक कार्यक्रम बिच १ नम्बर प्रदेश प्रहरी श्रीमती संघकी अध्यक्ष श्रीमती श्रीजना थापा कार्कीले ब्ल्याङ्केट तथा खाधान्न सामाग्रीहरु बितरण गर्नु भएको हो ।



उक्त कार्यक्रम पश्चात बोल्नुहुँदै वहाँले प्रदेश प्रहरी श्रीमती संघले बिबिध सामाजिक कार्यहरु गर्दै आईरहेको सन्दर्भमा यस्ता कार्यहरुमा अझ क्रियाशिल भई अगाडी बढ्ने धारणा ब्यक्त गर्नु भयो ।

कार्यक्रममा प्रदेश प्रहरी श्रीमती संघका पदाधीकारीहरु, स्थानीय जनप्रतिनिधीहरु, स्थानिय वासीहरु तथा स्थानीय सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

# मुद्दाका फरार प्रतिवादी पक्राउ

विराटनगर । सवारी दुर्घटना मुद्दामा फरार रहेका प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार असोज १७ मोरङ बुढिगंगा गाउँपालिका वडा नं. १ टंकी चोक बस्ने बर्ष ४४ को कमल प्रसाद तावाहाङ बुढिगंगा गाउँपालिका वडा नं. २ स्थित दक्षिणबाट उत्तरतर्फ पैदल हिडिरहेको अवस्थामा मोटर साइकलले ठक्कर दिई फरार रहेका थिए ।

फरार रहेका जिल्ला सप्तरी रूपनी गाउँपालिका वडा नं.६ बिरेन्द्र बजार बस्ने बर्ष २२ को अजवुल मियाँले चलाएको लु ६१ प २५०२ नम्बरको मोटरसाईकलले ठक्कर दिई घाईते बनाएको हुँदा उपचारको लागि विराट मेडिकल कलेज टंकिमा लगिएकोमा उपचारको क्रममा मृत्यू थियो ।

मोटरसाईकल चालक तत्काल फरार रहेको हुँदा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले मियाँको खोजतालस गर्ने क्रममा माघ १९ गते सप्तरीको रूपनी गाउँपालिका वडा नं. ६ स्थित घरबाटै मियाँलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई सवारी ज्यान कसूरमा थप अनुसन्धान कार्य भई रहेको छ ।




## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १

# दास मनिस्थितिबाट माथि उठौं

कौशल गोपालवंशी

अहिलेको समयमा मधेश र गुलामी एक अर्काको पर्यावाची शब्द हो । गुलामीको जन्जिरमा बाँधिएको मधेशलाई स्वतन्त्रताको अनुभूति गराउन गरिएको सबै प्रयासहरु खेर गएको देखिन्छ । स्वतन्त्रता सेनानीहरुको प्रयास किन बिफल भए त ? आखिर कारण के होला ?

एउटा उदाहरणसँग तुलना गर्दै यसको कारण पत्ता लगाउन सजिलो हुन्छ । एक सय जनाको परिवारलाई कुनै शासकले कैदी बनाएर जेलमा हालियो । समय बित्दै गयो, त्यहा कैदीहरुको पनि सन्तान जन्मियो । सन्तानलाई विगतको घटित घटनाको भनक पनि नलाग्न दिन शासकले उनीहरुको पूर्वजलाई हत्या गरिदियो । जस्तो कि शासकले प्राय: शासन गर्दै गरेको ठाउँको ईतिहास मिटाइदिन्छ । अब नयाँ सन्ततिलाई शुरुदेखि नै गुलामीको जन्जिरले बाँध्यो । उनीहरुको बरिपरि सबै जनाको हाथमा जन्जिर थियो । जसले गर्दा नयाँ सन्ततिहरुलाई जीवनमा स्वतन्त्रताको आभाष नै भएन । तर समय बित्दै जाँदा जन्जिरमा खिया लाग्न थाल्यो । शासकले खिया लगेको देखेर जन्जिर टुटन सक्ला भनेर सबैलाई सरसफाइ भई सफा बस्न भन्यो । यी कदमले ती कैदीहरुले आफ्नो हाथमा लागेको जन्जिर समेत सफा गरि जन्जिर टल्काउन थाले । जसको जन्जिर जति टल्किन्थ्यो त्यसलाई शासकले त्यति नै राम्रो व्यक्ति हो भन्ने गर्दथ्यो । जस्तो कि जसले जति शासकको चाकरी गर्छन् त्यति नै उसले स्यावश पाउँछन् । चाकरी नगर्नेलाई अटेरी गरेको, संस्कार नभेको व्यक्ति भन्छन् । जसको जन्जिरमा खिया लगेको त्यसलाई फोहरी, फटाहा, संकोचित मान्छेको संज्ञा दिने गर्दथ्यो ।

अब उनीहरुको विकास भनेको नै जन्जिरलाई टल्काउने भयो । उनीहरु पनि यसमै खुसी थिए । किनकि वरिपरिको सबै यस्तै थियो । पिढीमाथि पिढी आउँदै गर्यो । कसैले जिवनमा स्वतन्त्रताको अर्थ बुझेन, बुझे त केवल जन्जिर (चाकरी, गुलामीपन) लाई कसरी टल्काउने । जताततै चाकरीबाजको वातावरणमा हुर्केकालाई चाकरी नै धर्म हो, संस्कार हो लाग्न थाल्यो ।

अब यी पुस्तालाई कसरी स्वतन्त्रताको महत्व बुझाउने ? यो तरिकाले त यिनीहरु सधैं गुलाम हुने हो । तिमी गुलाम छौं भन्ने कुरा बुझाउनलाई उसले आफ्नो जीवनलाई अर्कासँग तुलना गर्नु एकदम आवश्यक छ । म कति अगाडि पछाडि छु भन्ने बुझ्नलाई म आफूलाई अरु भिन्न ठाउँमा बसेकोसँग तुलना नगरी त थाहा हुन्न नि । तर दैवको खेल यहा सबै गुलाम छन्, चाकरीबाज छन्, कोसँग तुलना गर्ने नि ? गुलामी हटाउनलाई अर्का ठाउँको मान्छेसित तुलना गराउनै छ । जस्तो कि मधेशमा भएको गुलामी हटाउन तराई बहेकका जनतासँगको तुलना जरुरी छ ।

एक गाउँ एक देशको हैसियत राखेको मधेशको जनतालाई अन्त्य जानु पर्ने आवश्यकता पर्दैन । जसले गर्दा अधिकांश जनताले आफ्नो जीवनलाई अरुसंग दाँज्न पाएको छैन । हो म मान्न तयार छु कि कृषिलाई धारासायी बनाएपछि मधेशका युवाहरु विदेशिन गए । त्यहाँ जस्तो विकसित देशमा गएसि त विकसित नागरिकसँग आफ्नो जीवन तुलना गर्न मैका त पाएका छन् । हो यतिसम्म त ठिक हो तर, मधेशको गुलामी मनस्थिति बाट विदेश गएका युवाले त्यहाँ पनि कम्पनीको जन्जिरमै कैद भएका छन् । महिनामा मात्र एक चोटि कम्पनीको आवास स्थानभन्दा बाहिर निस्किन्छन् । समय तालिका यति कडा हुन्छन् कि घरपरिवारलाई पनि सधै फोनमा कुरा गर्न भ्याउँदैनन् । गएर त्यहाँको व्यक्तिसँग नजिक हुन पनि समय हुँदैन । अनि जीवनको तुलना त परको कुरा हो ।

फेरि कोही भन्ला कि भारतको सीमा नजिकै छ, त्यहाँबाट तुलना गरी दास मनस्थिति परिवर्तन हुन्छ । हो तर एउटा कुरा के छ भने मधेशसँग जोडिएको भारतीय क्षेत्र मधेशभन्दा पनि पिछडिएको छ, अनि त्यहाँबाट के तुलना गर्न सकिन्छ । कोही-कोही जो पढाइको सिलसिलामा बहिर गयो त्यो यो दास मनस्थितिबाट माथी उठ्न खोज्दा उनीमाथी सबै किसिमको प्रहार गरेको देखियो । जसले गर्दा अरुले आँट्न नै सकेन । कसै कसैकोमा व्यक्तिगत परिवर्तन भयो । कसैले समाज परिवर्तन गर्न खोजेका पनि हुन् तर पूर्ण सफल भएनन् । कोही-कोही त परिवर्तन गर्छु भनेर आएकाहरु झन् कारागारको सिपाही बनेर आफ्नैमाथी शासन गर्न थालेका पनि छन् ।

दु:खद कुरा के छ भने यहाँ यस्ता कारागारको सिपाही बनेर आफ्नै माथि शासन गर्नेहरुको जमात ठूलो छ । यिनीहरु कुनै कांग्रेस, कुनै राप्रपा, कुनै समाजबदी, कुनै एमाले, कुनै जनमत त कुनै कोही त कोही जस्ता ब्राण्ड भएका कम्पनीको कारागारको सिपाही भएर मधेशी जनतालाई लगातार गुलामीको जन्जिरमा बस्न बाध्य तुल्याएका छन् । त्यहीं भएर अब मधेशी जनताले जन्जिर (चाकरी) लाई टलकाउने होइन तोडनु पर्छ ।

के किसान कृषिको जन्जिरमा बाँधिएका छन् त ?

जन्जिरले मान्छेलाई मार्दैन, जन्जिरले मान्छेलाई जिउँदो लास बनाउँछ । न त जिउन दिन्छ न त मर्न दिन्छ । केवल तडपाएर बाँच्न दिन्छ । हुन त किसान सबै अन्नदाता हुन् । तर नेपालमा यो लागू हुन्न । मैले आफ्नो खेतको हिसाब गर्दा औसत प्रति बिघा ८० मन धान (३२ क्विन्टल) उत्पादन हुन्छ भने खर्च चाहिँ ३० क्विन्टल जतिको लाग्छ । यहाँबाट यो साफ छ कि अहिलेको कृषिले किसानलाई न त जिउन दिन्छ न त मर्न दिन्छ । न त भोकै मर्छ न त हातमा नगद नै हुन्छ । न त बिना कपडाको हुन्छ न त राम्रो कपडा लगाउन सक्छ । न त सन्तानलाई मुर्ख बनाउँछन् न त राम्रो शिक्षा नै दिन सक्छ ।

यी सबै कुराले गर्दा यो भन्न सकिन्छ कि आधुनिकता बिनाको कृषि जीवन बरदान होइन अभिसाप हो । कृषिले किसानलाई जन्जिरमा बाँधेका छन्, जसले किसानको आउने सन्तति सधै व्यापारीको गुलाम बनेर बस्ने छन् । नेपालमा ८०% भन्दा बढी कृषि र वैदेशिक रोजगारीमा निर्भरता भएको देशको ५५.५८% वार्षिक बजेट गृह र रक्षा मन्त्रालयमा हुन्छ भने १०% भन्दा कम बजेट चाहिँ कृषिको लागि छुट्टाएको हुन्छ । (मधेश दर्पण फिचर सेवा)

## कर तिरौ, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो । त्यसैलेकर तिरौं देशको राजस्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस् । लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर । कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्मामामा सभागी

नेपाल सरकार




